# समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)

## सन् २००७ कार्यक्रम कर्यान्वयन निर्देशिका

**सिविस के हो ?**

सिविस मानव अधिकार तथा सामाजिक न्ययाको क्षेत्रमा कार्य गर्ने एक गैर सरकारी सामाजिक संस्था हो । यो १९९३ मा स्थापना भएको हो । सिविसले समुदायमा महिला तथा युवा र बालबालिकाको क्षेत्रमा पछाडी पारिएका एवं अवसरबाट बंचित समुहको मानव अधिकार संरक्षण सम्वर्धन एवं जीवनस्तर विकासका लागि कार्य गर्दछ । हाल यो संस्थाका कार्यक्रमहरु काठमाडौं उपत्यका लगायत, काभ्रे, मोरंग, नवलपरासी, तथा विभिन्न १५ नगरपालिकाहरु : काठमाडौं, किर्तिपर, ललितपुर, मध्यपुर, बनेपा, पनौती, धुलिखेल, विराटनगर, हेटौंडा, रत्ननगर, भरतपुर, पोखरा, लेखनाथ, नेपालगंज र गुलरीयामा लागु भएका छन् ।

**सिविसले कार्यक्रम गर्दा अपनाउने मान्यता तथा सिद्दान्तहरु के के हुन ?**

- ✓ कार्यक्रमको गुणस्तरीयता तथा उपलब्धिको उत्कृष्टता
- ✓ अधिकारमुखी धारणा
- ✓ कानुनको शाषन तथा दण्डहिनताको विरोध
- ✓ पारदर्शिता र उत्तरदायिपना
- ✓ अभिलेखिकरण तथा अनुगमन र सुचनाको संकलन एवं विश्लेषण
- ✓ सामाजिक साझेदारी र सामाजिक सकृयता

**सिविसको हाल सञ्चालनमा रहेका कार्यक्रमहरु के के हन् ?**

सिविसका हाल सञ्चालनमा रहेका कार्यक्रमहरु निम्नानुसार छन् :

<u>आँगन :</u> युवा र बालबालिकाहरुको समुह निर्माण, सशक्तिकरण तथा सामजिका विकास र शान्तिको अभियान एवं महिला, बालबालिका तथा युवा विरुद्द हुने हिंसा र दुर्व्यवहार विरुद्द परिचालन ।

<u>अन्तर्ज्योती :</u> मनोसामाजिक समस्यामा रहेका शोषण, हिंसा र दुर्व्यबहारबाट प्रभावित युवा तथा बालबालिकाहरुलाई समुहमा, ब्यक्तिगत तथा दुर मनोविमर्श सेवा एवं आवश्यक्ता अनुसार आपतकालिन उद्दार, कानुनी सहयोग र सामाजिक तथा पारिवारिक पुनर्स्थापन सहयोग प्रदन गर्ने ।

<u>विकास शिक्षा र सशक्तिकरण (दिप) :</u> बालबालिकाहरुका लागि विद्यालय शिक्षा सहयोग, अनौपचारिक शिक्षा, ब्यबशायिक शिक्षा र तालिम तथा गुणस्तरीय विद्यालय शिक्षा विकास कार्यक्रम ।

<u>मानव अधिकार जनवकालत अभियान (हक) :</u> मानव अधिकार तथा यससँग सम्बन्धित विषयहरुमा जनचेतना, सामाजिक बहस तालिम तथा तथ्य संकलन र अधिकार प्रवर्द्दन गर्ने अभियान ।

<u>स्वास्थ्य शिक्षा एवं सम्बन्धिकरण कार्यक्रम (हेल्प) :</u> महिला बालबालिबालिका, किशोरकिशोरी तथा युवा समुदायको शारिरिक, मानसिक तथा यौन स्वास्थ्य सम्बन्धि सचेतना, प्रशिक्षण एवं स्वास्थ्य सेवाका लागि सामाजिक परिचालन अभियान ।

<u>ग्रामिण पुर्वाधार विकास कार्यक्रम (रिड) :</u> विकट ग्रामिण क्षेत्रहरुमा जिवनस्तर सुधार गर्न आवश्यक पुर्वाधारहरु जस्तै विद्यालय, स्वास्थ्य चौकि, खानेपानी पुल बाटोघाटो आदी निर्माण र संरक्षणमा सामुदायिक परिचालन अभियान

<u>सहकार्य :</u> सिविसले उठान गरेका सामाजिक विकासका तथा मानव अधिकार संरक्षण र सम्वर्धनका मद्दाहरुलाई राज्य र समुदयाका विभिन्न निकायहरुमा मुल प्रवाहिकरण गर्ने र समुदायमा रहेका सामाजिक साझेदारहरुसँग हातेमालो गर्दै विभिन्न जनचेतना तथा सशक्तिकरणका अभियानहरु सञ्चालन गर्ने ।

<u>सामाजिक विकासका लागि स्वयंसेवी कार्य (सेवा) :</u> समाजमा रहेका युवा समुदायहरुलाई फुर्सदका समयमा सामाजिक विकास तथा मानव अधिकार संरक्षण र सम्बर्धनको क्षेत्रमा परिचालन गर्न आवश्यक प्रशिक्षण तथा अनुशिक्षणहरु सञ्चालन गरी समदायमा परिचालन गर्ने कार्यक्रम ।

**सिविसको लक्षित समुह निम्न छन् :**

<u>शहरी क्षेत्रमा सञ्चालन हुने कार्यक्रमका लागि :</u>

*निकृष्ट श्रममा संलग्न बाल श्रमिकहरु :* घरेलु बाल श्रमिक तथा साना होटल र चिया पसलमा काम गर्ने बाल श्रमिकहरु

*नौपचारिक श्रम क्षेत्रका महिला तथा युवाहरु :* विभिन्न अनौपचारिक श्रममा संलग्न जस्तै भरीया, घरेलु श्रमिक, साना होटल तथा चिया पसल आदिमा संलग्न भएका शहरी गरिब महिला तथा युवाहरु ।

<u>ग्रामिण क्षेत्रमा सञ्चालन हुने कार्यक्रमका लागि :</u> गरिब, पछाडी पारिएका समदायका जस्तै दलित, जनजाती, मधेसी समदायका महिला, युवा एवं बालबालिका ।

*महिला : १८ बर्ष भन्दा माथी उमेरका स्त्री लिंगी मानिस ।*

*युवा : १५ देखि २५ बर्ष उमेर समहका महिला तथा परुषहरु ।*

*बालबालिका : १८ बर्ष भन्दा कम उमेर समुहका बालिका तथा बालकहरु ।*

सिविसले सञ्चालन गर्ने कार्यक्रमहरुलाई मुख्यतया चार विभन्न क्षेत्रमा सञ्चालन हुनेछ र सबै कार्यक्रमहरुले यी चारै तहमा संयुक्त सहकार्यकासाथ सञ्चालन गर्नुपर्दछ ।

**<u>स्थानीय समुदायको क्षेत्रमा</u>**

- सिविसले स्थानीय समुदायमा गर्ने कार्यक्रमहरु स्थानीय सामाजिक साझेदारहरुको समन्वय र सहकार्यमा सञ्चालन गर्दछ । स्थानीय सामाजिक साझेदार भन्नाले स्थानीय वडा कार्यालय तथा नगरपालिकाका एवं गााउँ विकास समितिहरु, सामुदायिक प्रहरी तथा सामुदायिक सेवा समितिहरु, स्थानीय सामाजिक क्लब तथा समुहहरु, स्थानीय स्तरमा गठन भएका महिला, बालबालिका तथा यवा समुहहरु एवं सामुदायीक संघ सँगठनहरु हन् ।
- कार्यक्रमहरु स्थानीय स्तरमा सञ्चालन गर्नु अघी स्थानीय सामाजिक साझेदार संघ संस्थाहरुको सामुहीक बैठक राखी आफ्ना कार्यक्रम तथा त्यसका उद्देश्यहरु एवं त्यस कार्यक्रममा खर्च हुने अनुमान गरिएको रकम तथा सामाजिक साझेदार संघ संस्थाहरुसँग अपेक्षा गरिएको सहयोगकोबारेमा जानकारी गराउनुपर्दछ र परियोजना कार्यक्रमहरु कार्यान्वयन गर्न स्थानीय स्तरमा कार्ययोजना निर्माण गर्नुपर्दछ ।

- यदी स्थानीय सामाजिक संघ संस्थाहरुले नै परियोजना अन्तगर्तका कार्यक्रमहरु सञ्चालन गरिरहेका छन्, त्यसको प्रकृती, लक्षित समहमा कुनै पनि भिन्नता छैन भने त्यस्तै कार्यक्रम विस्तार गर्न वा सोही कार्यक्रमको गणस्तर वृद्दी गर्न आवश्यक प्राविधिक तथा सामाग्रीहरुको सहयोग गर्ने योजना बनाउने र कार्यान्वयन गर्नुपर्दछ ।
- यदी स्थानीय सामाजिक संघ संस्थाहरु उस्तै उस्तै प्रकृतीका कार्यक्रमहरु सञ्चालन गरिरहेको केही विषय बस्तुहरुमा मात्र भिन्नता रहेको छ भने आफ्ना कार्यक्रमहरुलाई ती कार्यक्रमहरुमा कसरी बढी मुल प्रवाहिकरण वा समावेश गर्न सकिन्छ भन्ने योजना बनाउने र सोही अनुसारको प्राविधिक तथा सामाग्रीहरु प्रदान गरी साझेदारीका कार्यक्रम गर्नुपर्दछ ।
- स्थानीय सामाजिक साझेदार संस्थाहरुसँग संयुक्त कार्यक्रमहरु सञ्चालन गर्नका लागि संयुक्त कार्ययोजना निर्माण गरिनु अनिवार्य हुन्छ ।
- स्थानीय समदायमा सञ्चालन गरिएका कार्यक्रमहरुको अन्तमा वा बर्षको अन्तमा कार्यक्रम, यसका उपलब्धी समस्या तथा आर्थिक सञ्चालन सम्बन्धि विषयमा सामाजिक लेखा परिक्षणको कार्यक्रम अनिवार्य गर्नुपर्दछ ।
- यसरी स्थानीय स्तरमा सञ्चालन हने कार्यक्रमहरुको बारेमा स्थानीय निकाय तथा सरकारी संयन्त्रको सहयोग र स्वामित्व प्रवर्द्धन गर्नका लागि नगरपालिका, जिल्ला बिकास समिती, जिल्ला शिक्षा कार्यालय तथा जिल्ला बाल कल्याण समिति एवं जनस्वास्थ्य कार्यालय र महिला बिकास शाखासँग कार्यक्रम शरु हुनु अगावै बैठक बसी जानकारी गराउनपर्दछ । यसरी जानकारी गराउँदा कार्यक्रमको उद्येश्य, अपेक्षीत उपलब्धी तथा कार्यक्रमहरु र अनुमानित बजेट एवं सम्बन्धित निकायहरुको अपेक्षीत सहयोगको बारेमा पनि जानकारी गराउनुपर्दछ ।

**विद्यालयको क्षेत्रमा**

- परियोजना क्षेत्रका विभिन्न विद्यालयहरुमा सञ्चालन गरिने विभिन्न विद्यालय शिक्षा गणस्तर सुधार कार्यक्रमको बारेमा कार्यक्रम सञ्चालन गर्नु अघी विद्यालय ब्यबस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक संघ तथा बाल समुह एवं जिल्ला शिक्षा कार्यालय र स्थानीय सरकारको संयुक्त बैठक बसी प्रस्तावित कार्यक्रमको विस्तृत जानकारी गराउनुपर्दछ र सहमती कायम गरिनपर्दछ ।
- सम्भव भएसम्म परियोजना विद्यालयलाई स्थानीय कार्ययोजना बैठकमा पनि सहभागी गराउनुपर्दछ ।
- यदी विद्यालयको कार्ययोजनाहरुमा परियोजनामा समाहित गरिएका कार्यक्रमहरु छैनन् भने त्यस्ता कार्यक्रमहरुलाई विद्यालय सधार योजनामा समाहित गर्न वा नयाँ कार्ययोजना निर्माण गर्न विद्यालय ब्यबस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल समुह तथा जिल्ला शिक्षा कार्यालय एवं स्थानीय निकाय प्रतिनिधीको भेलाबाट कार्ययोजना निर्माण गरी कार्यान्वयन शुरु गर्नुपर्दछ ।
- कुनै पनि विद्यालयमा परियोजनाका कार्यक्रमहरु लागु गर्नुभन्दा पहिले विद्यालयको आधारभुत अवस्थाको जानकारी लिखित रुपमा राख्नपर्दछ र सम्भव भएसम्म परियोजना कार्यान्वयन गर्ने सम्झौता गर्नुपर्दछ ।

**<u>ग्रामिण क्षेत्रमा</u>**

- परियोजना क्षेत्रमा परियोजनामा उल्लेख भएका कार्यक्रमहरु कार्यान्वयन गर्नुभन्दा पहिले स्थानीय समुदाय ( स्थानीय निकाय, सरकारी संयन्त्र, विद्यालय, स्थानीय राजनितक दल तथा बुद्दीजीवीहरुसँग) छलफल गरी परियोजनाका कार्यक्रमका उद्देश्य एवं गतिवीधीहरुको बारेमा योजना निर्माण गर्नुपर्दछ र परियोजना कार्यान्वयन गर्न स्थानीय परियोजना कार्यान्वयन समिति गठन गरी सोही समितिमार्फत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।
- कार्यक्रम कार्यान्वयन गर्नका लागि स्थानीय समितिसँग सम्झौता गरी बैंक मार्फत रकम पठाउने र समयसमयमा आर्थिक तथा प्राविधिक सहयोग एवं सुपरिवेक्षण र अनुगमन गर्नुपर्दछ ।
- यसरी कार्यक्रम कार्यान्वयन गर्नका लागि स्थानीय समुदायका पनि विभिन्न अनुशिक्षणहरु मार्फत क्षमता अभिवृद्दी गर्न सघाउनुपर्दछ ।

**<u>निति निर्माण र कार्यन्वयनको तह</u>**

- परियोजना अन्तर्गतका विषय तथा मुद्दाहरुलाई राष्ट्रीय तथा स्थानीय निति निर्माण तथा कार्यान्वयनमा समावेश गर्न सम्बन्धित लक्षित समुहहरुसँगै संयुक्त अभियानहरु सञ्चालन गरी दबाब दिने तथा निति निर्माताहरुलाई प्रभावित गर्ने कार्यक्रमहरु निति निर्माण र कार्यान्वयनको तहका कार्यक्रमहरु अन्तगर्त पर्दछन् ।
- यस्ता कार्यक्रमहरु सञ्चालन गर्दा सकेसम्म लक्षित समुहको अगुवाइमा सञ्चालन गरिनुपर्दछ । यदी त्यस्तो सम्भव भएन भने सम्बन्धित विषयमा सरोकार राख्ने सरकारी तथा गैरसरकारी संयन्त्रहरुलाई यस्ता अभियानहरुको अभिन्न अंग बनाउन पहल गर्नुपर्दछ ।
- कार्यक्रम गरिसकेपछी उक्त कार्यक्रममा उठाइएका मद्दाहरुको सन्दर्भमा सम्बन्धित निकायमा नियमित अनुगमन तथा लबी बैठकहरु सञ्चालन गर्नुपर्दछ र हरेक गतिविधिको उपयुक्त ढंगले अभिलेखिकरण गरिनुपर्दछ ।

**<u>कार्यक्रमको क्षेत्र र सम्बन्धित कार्यक्रमहरु</u>**

**<u>स्थानीय समुदायको क्षेत्र</u>**

- महिला, बालबालिका तथा युवाको लागि अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रमहरु
- स्थानीय समदयामा हुने मानव अधिकार, सामाजिक न्याय, हिंसा र भेदभावविरुद्दका सचेतना कार्यक्रमहरु
- स्थानीय समुदायमा युवा तथा बाल समुह निर्माण, सशक्तिकरण तथा परिचालनका कार्यक्रमहरु
- सामुदायिक स्वास्थ्य सम्बन्धि सेवा तथा जनचेतना सम्बन्धि कार्यक्रमहरु
- सामुदायिक बाल संरक्षण र त्यससँग सम्बन्धित मनोविमर्श सेवा तथा आपतकालिन उद्दार राहत कार्यक्रमहरु

- स्थानीय निति निर्माण तथा कार्यान्वयनसँग सम्बन्धित कार्यक्रमहरु
- स्थानीय रुपमा युवाहरुका लागि स्वरोजगार तथा रोजगार सिप सम्बन्धि शिक्षा तथा तालिमहरु

**विद्यालयको क्षेत्रमा**

- विद्यालयमा बाल सहभागिता तथा सामुदायिक सहभागिता प्रवर्द्धन गर्ने कार्यक्रमहरु
- विद्यालयका ब्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघ र बाल समुहहरुको सशक्तिकरण र परिचालन सम्बन्धि कार्यक्रमहरु
- विद्यालयको पारदर्शिता तथा सामुदायिक स्वामित्व प्रवर्द्धन गर्ने कार्यक्रमहरु
- विद्यालयको भौतिक अवस्था सधार सम्बन्धि कार्यक्रमहरु
- विद्यालय शिक्षा सहयोगका कार्यक्रमहरु
- विद्यालय स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरु
- गुणस्तरीय शिक्षा सुधारका लागि शिक्षक तालिम, अभिभावक सचेतना तथा त्यस सम्बन्धि कार्यक्रमहरु
- बाल संरक्षण र त्यससँग सम्बन्धित शिक्षक तालिम, अभिभावक सचेतना तथा त्यस सम्बन्धि कार्यक्रमहरु
- तथा मनोविमर्श सेवा तथा आपतकालिन उद्दार राहत सम्बन्धि कार्यक्रमहरु

**ग्रामिण क्षेत्रमा**

- ग्रामिण पुर्वाधार विकास र त्यस सम्बन्धि कार्यक्रमहरु
- ग्रमिण स्वास्थ्य सुधार र त्यस सम्बन्धि कार्यक्रमहरु
- पछाडी पारिएका समुदाय विशेषत महिला तथा युवा र बालबालिकाकाहरुको स्थानीय निती निर्माणमा सहभागिता प्रवर्द्धन गर्ने कार्यक्रमहरु
- ग्रामिण क्षेत्रमा सञ्चालन हुने शिक्षा र त्यस सम्बन्धि कार्यक्रमहरु
- खानेपानी सुधार तथा सञ्चालन र आयमुलक आर्थिक र सामाजिक सशक्तिकरणका कार्यक्रमहरु

**नितिनिर्माण र कार्यान्वयनका तहमा**

- निति निर्माण र कार्यान्वयनका लागि बहस, दबाब सृजना गर्न प्रभावित गर्न सञ्चालन हने कार्यशाला, गोष्ठी, रयाली, प्रदर्शनी, लबी मिटिंग तथा प्रतिनिधि मण्डल भेटघाट आदी र यससँग सम्बन्धित कार्यक्रमहरु
- विभिन्न दिवस सञ्चालन र त्यससँग सम्बन्धित कार्यक्रमहरु
- परियोजना मुद्दाहरुमा आम सञ्चार तथा पत्रकारिता क्षेत्रको परिचालन सम्बन्धि कार्यक्रमहरु
- अनुसन्धान र त्यसको प्रचारप्रसार सम्बन्धि कार्यक्रमहरु